# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, वैशाख १६ गते, २०७० साल (संख्या ३


## भाग ५

नेपाल सरकार

## उद्योग मन्त्रालयको सूचना

## निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७०

**प्रस्तावना:-** निर्यात अभिवृद्धि गरी व्यापार घाटा कम गर्दै शोधनान्तर स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारद्वारा आर्थिक वर्ष २०६७।६८ को बजेट वक्तव्यमा निर्यात गर्ने उद्योगलाई निर्यात गरेर प्राप्त भएको परिवर्त्य विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाणको आधारमा नगद प्रोत्साहन एवं आयकरमा पनि छुट सुविधा उपलब्ध गराउने व्यवस्था गरेकोमा नगद प्रोत्साहन सम्बन्धी व्यवस्थालाई सरल र प्रभावकारी किसिमले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "मूल्य अभिवृद्धि" भन्नाले वस्तु उत्पादन प्रक्रियामा उपयोग भएको स्वदेशी वस्तु वा सेवाको मात्रा सम्झनु पर्दछ ।

३. **नगद प्रोत्साहन सम्बन्धी व्यवस्था:** (१) निर्यात गर्ने उद्योग वा निर्यात प्रवर्द्धन गृहहरुलाई अनुसूची - १ र कृषि, वन तथा खानीजन्य वस्तुको हकमा अनुसूची - २ मा उल्लेख भएको दरमा नेपाल सरकारले नेपाली रुपैयाँ नगद प्रोत्साहन उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम अनुसूची - १ मा उल्लिखित वस्तुहरुको निर्यातमा नगद प्रोत्साहन दिँदा न्यूनतम ३० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ ।

(३) निर्यातमा नगद प्रोत्साहन प्राप्त गर्ने निर्यात प्रवर्द्धन गृहले प्राप्त गरेको नगद प्रोत्साहनको न्यूनतम ५० प्रतिशत उत्पादकहरुलाई दिनु पर्नेछ ।

(४) वस्तु निर्यात गरी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने गरी तेस्रो मुलुकमा निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहहरुले मात्र उपदफा (१) बमोजिमको सुविधा पाउनेछन् ।

(५) उद्योग वा निर्यात प्रवर्द्धन गृहहरुले तेश्रो मुलुकमा निर्यात गरेर प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा बैंकमा दाखिला भएको प्रमाण पेश गरेपछि मात्र उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्न सक्नेछन् ।

(६) उपदफा (१) मा उल्लेखित अनुसूची - १ र अनुसूची - २ मा वस्तुगत रुपमा उल्लेख भएको नगद प्रोत्साहन दिईने वस्तु र दर प्रत्येक आर्थिक वषको शुरुमा समन्वय तथा अनुगमन समितिको सिफारिसमा आवश्यकता अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) ले पुनरावलोकन गर्न सक्नेछ ।

४. **नगद प्रोत्साहन रकम भुक्तानी:** (१) नगद प्रोत्साहन स्वरुप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागबाट सञ्चालन हुने गरी बैंकिङ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयहरुमा निर्यातमा नगद प्रोत्साहन शोधभर्ना नामको एउटा खाता खोलिनेछ ।

(२) उपदफा (१) बमोजिमको खातामा अर्थ मन्त्रालयले आवश्यक रकम समय समयमा अग्रिम रुपमा जम्मा गर्नेछ ।

(३) वस्तु निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहले नगद प्रोत्साहनको लागि जुनबैंक मार्फत वस्तु निर्यात प्रयोजनको लागि बैंकिङ कारोवार गरेको हुन्छ सोही बैंकमा अनुसूची - ३ बमोजिमको ढाँचामा नगद प्रोत्साहन रकम मागसम्बन्धी निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि बैंकले जाँचबुझ गर्दा नगद प्रोत्साहन दिनु पर्ने ठहऱ्याएमा दफा ३ को उपदफा (१) बमोजिम हुने रकम निर्यात गर्ने उद्योग वा निर्यात प्रवर्द्धन गृहको बैंक खातामा ७ (सात) दिनभित्र जम्मा गरिदिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम रकम बैंक खातामा जम्मा गर्दा निर्यातकर्ता उद्योग वा निर्यात प्रवर्द्धन गृहको खातामा रकम जम्मा भएको दिनको लागि नेपाल राष्ट्र बैंकले निर्धारण गरेको परिवर्त्य विदेशी मुद्राको खरिद दरको आधारमा नेपाली रुपैयाँमा रुपान्तरण गर्दा हुन आउने बराबरको नेपाली रुपैयाँ जम्मा हुनेछ ।

५. <u>नगद प्रोत्साहन रकमको शोधभर्ना:</u> (१) दफा ४ को उपदफा (४) बमोजिम निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहको खातामा रकम जम्मा भैसकेपछि सम्बन्धित बैंकले सो बराबरको रकम शोधभर्नाको लागि अनुसूची - ४ बमोजिमको ढाँचामा नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नेपाल राष्ट्र बैंकको सम्बन्धित विभागले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सोबमोजिम हुने कूल रकम निर्यातमा नगद प्रोत्साहन शोधभर्ना खाताबाट सम्बन्धित बैंकको नेपाल राष्ट्र बैंकको बैंकिङ कार्यालयमा रहेको खातामा जम्मा हुने गरी शोधभर्ना दिनेछ ।



७८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम शोधभर्ना दफा ४ को उपदफा (४) बमोजिम हुनेछ ।

६. <u>मूल्य अभिवृद्धि निर्धारणः</u> (१) अनुसूची - १ मा उल्लेख भएका तर पहिलो पटक मूल्य अभिबृद्धि प्रतिशत निर्धारण भई नसकेका वस्तु निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहले त्यस्ता वस्तुको मूल्य अभिवृद्धि प्रतिशत निर्धारणका लागि उद्योग विभागले तोकेको ढाँचामा उद्योग विभागमा आवेदन दिनु पर्नेछ ।

तर अनुसूची - १ मा उल्लिखित वस्तुहरु मध्ये पहिलो पटक मूल्य अभिबृद्धि प्रतिशत निर्धारण भईसकेका र अनुसूची - २ मा उल्लेख भएका तथा सो अनुसूचीमा पछि समावेश गरिने वस्तुहरुका हकमा मूल्य अभिवृद्धि आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि प्रतिशत निर्धारणका लागि प्राप्त आवेदनका आधारमा उद्योग विभागले पहिलो पटकका लागि मूल्य अभिवृद्धि प्रतिशत निर्धारण गरी समितिसमक्ष सिफारिस गर्नेछ ।

(३) समितिले उद्योग विभागबाट भएको मूल्य अभिवृद्धि प्रतिशत समेतका आधारमा ती वस्तुको नगद प्रोत्साहन दर निर्धारणका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिस गर्नेछ ।

(४) अनुसूची - १ मा उल्लिखित वस्तुहरुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने निकायले न्यूनतम मूल्य अभिवृद्धि ३० प्रतिशत निर्धारण भएको हेरेर मात्र मूल्य अभिवृद्धिको प्रतिशत उल्लेख गरी उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ र सोही आधारमा निर्यातकर्ताले मूल्य अभिवृद्धिको प्रतिशत खुल्ने उत्पत्तिको प्रमाण पत्रको निस्सा राखी नगद प्रोत्साहन प्राप्त गर्न सम्बन्धित बैंकसमक्ष निवेदन पेश गर्नु पर्नेछ ।

७. <u>निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहको काम, कर्तब्य र अधिकारः</u> निर्यात गर्ने उद्योग तथा निर्यात प्रवर्द्धन गृहले निर्यातमा नगद प्रोत्साहन शोधभर्ना लिने प्रयोजनको लागि देहाय बमोजिम काम गर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निर्यातमा नगद प्रोत्साहन लिनको लागि निर्यात गरेको वस्तुसम्बन्धी कागजात सुरक्षित राख्ने ।

(ख) यस कार्यविधिमा तोकिएको प्रक्रियाबमोजिम नगद प्रोत्साहन लिनको लागि अनुसूची - ३ बमोजिमको ढाँचामा बैंकसमक्ष निवेदन पेश गर्ने ।

(ग) समितिलाई आवश्यक विवरण उपलब्ध गराउने ।

८. **बैंकको काम, कर्तब्य र अधिकारः** बैंकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्यात गर्ने उद्योग वा निर्यात प्रवर्द्धन गृहले दफा ४ बमोजिमको प्रक्रिया पुरा गरी निर्यातमा नगद प्रोत्साहन माग गरेमा आवश्यक कागजात परीक्षण गरि नगद प्रोत्साहन उपलब्ध गराई नेपाल राष्ट्र बैंकसँग शोधभर्ना माग गर्ने ।

(ख) खण्ड (क) बमोजिम निर्यात गर्ने उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई प्रदान गरेको नगद प्रोत्साहन रकमको विवरण प्रत्येक महिना नेपाल राष्ट्र बैंकलाई उपलब्ध गराउने ।

९. **नेपाल राष्ट्र बैंकको काम, कर्तब्य र अधिकारः** नेपाल राष्ट्र वैंकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैंकबाट निर्यात गर्ने उद्योग वा निर्यात प्रवर्द्धन गृहलाई प्रदान गरिने नगद प्रोत्साहन रकम बैंकहरुबाट शोधभर्ना माग भई आएमा निर्यात तथा नगद प्रोत्साहन नामको खाताबाट सम्बन्धित बैंकलाई शोधभर्ना रकम उपलब्ध गराउने ।

(ख) खण्ड (क) बमोजिम बैंकलाई शोधभर्ना उपलब्ध गराइएको रकमको विवरण प्रत्येक महिना अर्थ मन्त्रालयलाई उपलब्ध गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **समन्वय तथा अनुगमन समितिको गठनः** (१) निर्यातमा नगद प्रोत्साहन दिने कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | संयोजक |
| (ख) | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (ग) | महानिर्देशक वा निजले तोकेको निर्देशक, उद्योग विभाग | सदस्य |
| (घ) | महानिर्देशक वा निजले तोकेको उप-महानिर्देशक, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | सदस्य |
| (ङ) | महानिर्देशक वा निजले तोकेको उप- महानिर्देशक, भन्सार विभाग | सदस्य |
| (च) | महानिर्देशक वा निजले तोकेको उप- महानिर्देशक, आन्तरिक राजस्व विभाग | सदस्य |
| (छ) | महानिर्देशक वा निजले तोकेको उप- महानिर्देशक, कृषि विभाग | सदस्य |
| (ज) | महानिर्देशक वा निजले तोकेको उप- महानिर्देशक, वन विभाग | सदस्य |
| (झ) | प्रतिनिधि, नेपाल राष्ट्र बैंक | सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ट) | अध्यक्ष, नेपाल उद्योग परिसघ वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ठ) | अध्यक्ष, नेपाल घरेलु उद्योग महासंघ वा निजले तोकेको प्रतिनिधि | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ङ) सह-सचिव (निर्यात प्रवर्द्धन, व्यापार तथा पारवहन महा शाखा), वाणिज्य तथा आपूर्ति मन्त्रालय — सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिले उद्योग विभागको सिफारिसमा अनुसूची १ मा उल्लिखित दरमा समय समयमा आवश्यकता अनुसार परिवर्तन तथा थपघट गर्नको लागि सिफारिस गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिले आफ्नो बैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ।

११. **समितिको काम, कर्तव्यः** समितिले निर्यातमा नगद प्रोत्साहन दिने कार्यको समन्वय तथा अनुगमन गर्ने कार्य गर्नेछ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा समन्वय तथा अनुगमन समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१३. **संशोधन तथा हेरफेरः** नेपाल सरकारले यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ।

१४. **खारेजी र बचाउः** (१) निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०६८ खारेज गरिएको छ।

(२) निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०६८ बमोजिम भएका कामहरु यसै कार्यविधिबमोजिम भएको मानिनेछ।

(३) २०६९ भाद्र मसान्तसम्ममा वस्तु निर्यात गरी २०६९ कार्तिक मसान्त सम्ममा नगद प्रोत्साहनका लागि उद्योग विभागमा दर्ता भएका निवेदनका हकमा निर्यातमा नगद प्रोत्साहनसम्बन्धी कार्यविधि, २०६८ बमोजिमकै प्रक्रिया अपनाई नगद प्रोत्साहन प्रदान हुन सिफारिस गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) २०६९ भाद्र मसान्त अघि निर्यात गरेका तर निर्यातमा नगद प्रोत्साहनका लागि निवेदन गरी नसकेका निर्यातका हकमा यसै कार्यविधिबमोजिम नगद प्रोत्साहन प्रदान गरिनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

### निर्यातमा नगद प्रोत्साहन प्रदान गरिने औद्योगिक वस्तुको नाम तथा प्रतिशत

| सि.नं. | उत्पादनको नाम | नगद प्रोत्साहन प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | प्रशोधित कफी | २% | |
| २. | अर्ध प्रशोधित छाला | २% | |
| ३. | हस्तकला र काष्ठकलाका वस्तु | २% | |
| ४. | प्रशोधित छाला (Crust) | २% | |
| ५. | हाते कागज र सो को उत्पादन | २% | |
| ६. | प्रशोधित मह | २% | |
| ७. | चिया | २% | |
| ८. | गलैंचा तथा ऊनीका सामान | २% | |
| ९. | पस्मिना र रेसमजन्य वस्तु | २% | |
| १०. | प्रशोधित जडीबुटी तथा सारयुक्त तेल | २% | |
| ११. | तयारी चाउचाउ | १% | |
| १२. | चोकर | १% | |
| १३. | चक्की आंटा | १% | |
| १४. | पोलिष्टर फाईवर भिसकस यार्न | १% | |
| १५. | पोलिष्टर टेक्सटाईल यार्न | १% | |
| १६. | तयारी पोसाक | १% | |
| १७. | वनस्पति तेल | १% | |
| १८. | ट्रान्सफरमर | १% | |
| १९. | स्टिल पोल्स तथा एक्सेसरीज | १% | |
| २०. | डट्पेन | १% | |
| २१. | दाल | १% | |
| २२. | किमती तथा अर्ध किमती पत्थर | १% | |
| २३. | सुनचाँदीका गरगहना | १% | |
| २४. | बेसार | १% | |
| २५. | सुठो | १% | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची २

| सि.नं. | उत्पादनको नाम | नगद प्रोत्साहन प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | बीउ बीजन | १% | |
| २. | फूल (पुष्प) | १% | |
| ३. | फलफूल | १% | |
| ४. | तरकारी | १% | |
| ५. | अदुवा | १% | |
| ६. | अलैंची | १% | |
| ७. | जडीबुटी | १% | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

### निर्यतमा नगद प्रोत्साहन प्राप्त गर्न दिइने निवेदनको ढाँचा

श्री ................................ बैंक,
............................................ ।

विषयः निर्यातमा नगद प्रोत्साहन बारे ।

महाशय,

यस उद्योगले ........... मुलुकस्थित श्री ................. (खरीदकर्ताको नाम) लाई त्यस बैंक मार्फत ........... (सामानको नाम) निकासी गरी खुद विदेशी मुद्रा ...... मिति............मा यस बैंकको खाता नं...........मा जम्मा भई भुक्तानी प्राप्त गरेको व्यहोरा प्रमाणित गर्दै सो को हुने कुल नेपाली रुपैंया ......... को ....... प्रतिशतले हुने नगद प्रोत्साहन रु. ........... यस उद्योगको त्यस बैंकस्थित खाता नं. ...... मा जम्मा गरिदिनु हुन तपसिल बमोजिमको कागजात तथा विवरण सहित अनुरोध गरेका छु/छौं ।

#### तपसिल

१. उद्योग दर्ता, अनुमति तथा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
२. निर्यात गरेको वस्तुको व्यापारिक वीजक र भन्सार प्रज्ञापनपत्र
३. निर्यात आर्जन प्राप्त भएको पुष्टि हुने कागजात



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. प्रतिशत खुल्ने गरी मूल्य अभिवृद्धि भएको उद्योग विभागबाट प्रमाणित कागजात (अनुसूची १ मा उल्लेख नभएका वस्तुहरुको हकमा प्रथम पटक मात्र आवश्यक)

५. समितिले निर्यात प्रोत्साहन प्रतिशत निर्धारण गरेको कागजात

६. परिवर्त्य विदेशी मुद्रा बैंक दाखिला भएको प्रमाण पुग्ने कागजात, बैंक स्टेटमेण्ट

७. अन्य आवश्यक कागजात

भवदीय,

प्रमाणित गर्ने उद्योगको प्रतिनिधिको दस्तखत:
प्रमाणित गर्ने उद्योगको प्रतिनिधिको नाम:
उद्योगको नाम:
उद्योगको छाप:
उद्योगको ठेगाना:
सम्पर्क टेलिफोन नं.



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची ४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

निर्यातमा नगद प्रोत्साहन शोधभर्नाको लागि दिइने निवेदनको ढाँचा

श्री नेपाल राष्ट्र बैंक,
विदेशी विनिमय व्यवस्थापन विभाग,
बालुवाटार, काठमाडौं ।

विषय:-

निर्यातमा नगद प्रोत्साहनको शोधभर्ना बारे ।

महाशय,

त्यस विभागको इ.प्रा. परिपत्र संख्या ....... मा भएको प्रक्रिया तथा कार्यविधि अनुरुप तपसिलबमोजिम निर्यात भएको व्यहोरा प्रमाणित गर्दै सो निर्यात वापत उपलब्ध गराइएको नगद प्रोत्साहन वापत मिति ............मा भुक्तानी दिएको जम्मा रु. ............... (अक्षरेपी ..................) कों शोधभर्ना तहाँको बैकिङ्ग कार्यालय स्थित यस बैंकको खाता नं. .......... मा जम्मा हुने गरी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछौं ।

| सिनं. | निर्यातकर्ता उद्योग | निर्यात भएको | | | निर्यात | | | भुक्तानी प्राप्त | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देश | वस्तु | परिमाण | माध्यम | नम्बर | मूल्य | मिति | रकम वि.मु. | रकम रु. | FOB मूल्य (विदेशी मुद्रामा) | राष्ट्र बैंकबाट निर्धारित विनिमय दर |
| | | | | | | | | | | | | |

संलग्न: निर्यात वापत परिवर्त्य विदेशी मुद्रा जम्मा भएको प्रमाणित बैंक स्टेटमेण्ट

**निवेदक:**

बैंकको नाम:

ठेगाना:

दस्तखत:

प्रबन्धकको नाम:

मिति:

आज्ञाले,

**कृष्ण ज्ञवाली**

नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो सूचना प्रकाशन भएको मितिले देहायको अवधिभित्र देहायको क्षेत्रमा एनालग प्रविधिद्वारा सिग्नल वितरण गरिरहेका व्यक्ति वा संगठित संस्थाले एनालग प्रविधिलाई डिजिटल प्रविधिमा परिवर्तन गरी सोको जानकारी सूचना तथा सञ्चार मन्त्रालयलाई दिनु पर्ने गरी तोकेको छ :-

(क) काठमाण्डौं महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा तीन वर्षभित्र,
(ख) नगरपालिका क्षेत्रभित्र चार वर्षभित्र,
(ग) अन्य क्षेत्रमा पाँच वर्षभित्र ।

आज्ञाले,
**ध्रुव प्रसाद शर्मा**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।